# नेपाली महावाणिज्यदूतावास

# डालस

**Consulate General of Nepal**
**Dallas**

**<u>नयाँ राहदानी बुझिलिन आउनेबारे सूचना</u>**

यस महावाणिज्यदूतावासमार्फत विभिन्न मितिमा राहदानी नवीकरणका लागि आवेदन दिनुभएका सेवाग्राहीहरू मध्ये संलग्न सूचिमा उल्लेख भएबमोजिमका १६० थान राहदानीहरू राहदानी विभाग, काठमाडौंबाट तयार भई यस नियोगमा प्राप्त भएका छन्। राहदानी वितरणबारे निम्नबमोजिम हुने ब्यहोरा सम्बन्धित सेवाग्राहीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छः

१. कार्यालय खुल्ने दिन (सार्वजनिक विदाका दिनबाहेक) **<u>बिहान ११ बजेदेखि अपरान्ह १ बजेभित्र</u>** स्वयं उपस्थित भई रिसेप्सन डेस्कबाट राहदानी संकलन गर्न सकिने छ ।

२. राहदानी सङ्कलनका लागि औसत समय ३० मिनेट लाग्न सक्ने छ ।

३. रिटर्न खाम छाडेर जानुभएका आवेदकका हकमा हुलाकमार्फत सोही ठेगानामा राहदानी पठाइने । राहदानी प्राप्त हुने मिति Tracking Number मार्फत चेक गर्नुहुन समेत अनुरोध छ।

४. राहदानी बुझिलिन आउँदा पुरानो सक्कल राहदानी र राहदानी नवीकरण शुल्क बुझाएको रसिदसमेत अनिवार्य साथमा ल्याउनु होला।

५. यस कार्यालयमा प्राप्त नयाँ राहदानीहरू बुझिलिने सम्बन्धमा यस अघि विभिन्न मितिहरूमा जारी सूचनामा उल्लेख भएका केही राहदानीहरू अझै सम्बन्धितले बुझ्न बाँकी देखिएको हुँदा आफ्नो राहदानी तोकिएको समय **(बिहान ११ बजेदेखि अपरान्ह १ बजेभित्र)** मा सम्बन्धित स्वयं यस कार्यालयमा उपस्थित भई यथाशीघ्र बुझिलिनुहुन समेत अनुरोध छ।

साथै, संलग्न सूचिमा नाम नभएका आवेदकहरूको राहदानी काठमाण्डौमा छपाई कै क्रममा रहेकाले अर्को सूचनाको प्रतिक्षा गर्नुहुन समेत अनुरोध छ ।

———

**नेपाली महावाणिज्यदूतावास**

**डालस ।**

२ जुलाई २०२६

Address: 1230 River Bend Dr, Suite 220, Dallas, TX 75247; Phone: +1 972 803 5394 Email: info@nepalconsulatedallas.org;
Facebook: https://www.facebook.com/cgndallas Website: https://dls.nepalconsulate.gov.np/